# महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

## आ.व. २०८०/८१

बैठक नम्बरः ०५ बैठक मितिः २०८०/१०/०७

बैठक स्थानः महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ

आज मिति २०८० माघ ०७ गते आइतबारका दिन यस गाउँपालिकाका, गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री विपना कुलुङज्यूको अध्यक्षतामा कार्यपालिका वैठक बसी देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

### उपस्थिति

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री विपना कुलुङ | उपाध्यक्ष | |
| २. | श्री पर्खीधन राई | १ नं. वडाध्यक्ष | |
| ३. | श्री प्रदिप राई | २ नं. वडाध्यक्ष | |
| ४. | श्री दुर्गा बहादुर राई | ३ नं. वडाध्यक्ष | |
| ५. | श्री सरस्वती राई | ४ नं. वडाध्यक्ष | |
| ६. | श्री महलसिं राई | ५ नं. वडाध्यक्ष | |
| ७. | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ८. | श्री सिता माया बि. क. | कार्यपालिका सदस्य | सिता बि क |
| ९. | श्री चस्मिता वि. क. | कार्यपालिका सदस्य | चस्मीता |
| १०. | श्री निरकुमारी राई | कार्यपालिका सदस्य | |
| ११. | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १२. | श्री दौलित राई कुलुङ | कार्यपालिका सदस्य | |
| १३. | श्री झमक बहादुर कटुवाल | सदस्य- सचिव | |

# महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

बैठक नम्बर: ०५ बैठक मिति: २०८०/१०/०७

बैठक स्थान: महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ

## आमन्त्रित

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नारायण काजी बस्नेत | लेखा अधिकृत | |
| २. | श्री हरि प्रसाद आचार्य | जनस्वास्थ्य निरीक्षक | |
| ३. | श्री कृष्ण राई | सूचना तथा प्रविधि अधिकृत | |
| ४. | श्री छेवाङ शेर्पा | इन्जिनियर | |
| ५. | श्री अनन्त प्रकाश कुलुङ | रोजगार सेवा केन्द्र संयोजक | |
| ६. | श्री ओस्ना कुलुङ | कृषि अधिकृत | |
| ७. | श्री सरिता दर्लामी | पशु सेवा प्राविधिक | |
| ८. | श्री देवी पुन | लघु उद्यम विकास सहजकर्ता | |
| ९. | वाबुराम किरात | कार्यालय सहयोगी | |
| १०. | प्रमिना कुलुङ | कार्यालय सहयोगी | |

## महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८०/०८१

बैठक मितिः २०८०/१०/०७

बैठक नम्बरः ०५

बैठक स्थानः महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ

## प्रस्ताव तथा निर्णयहरु

| क्र.स. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | मिति २०८० पौष ५ गतेको कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को मिति २०८० पौष ५ गते बसेको चौथो कार्यपालिका बैठकको निर्णयहरुं कार्यान्वयन भए नभएको बारेमा छलफल तथा समिक्षा गरियो । |
| २. | सामुदायिक ग्रामीण विद्युतीकरण विस्तार, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा । | १) महाकुलुङ गाउँपालिकाका सबै वडामा सामुदायिक ग्रामीण विद्युत विस्तारका लागि नेपाल विद्युत वितरण केन्द्र सल्लेरी सोलुखुम्बुमा मिटर बक्स जडानका लागि वडा कार्यालयमा प्रति घर रु. ३५०० का दरले संकलन गरिएको रकम सहित वडाबाट संकलन गरिएका घरधुरी सङ्ख्याको आधारमा मिटरबक्स जडानका लागि तोकिएको रकम नेपाल विद्युत प्राधिकरणको खातामा राजस्व जम्मा गरी यस गाउँपालिकामा ढुवानी गरी ल्याउने र मिटरबक्स जडान गरी विद्युत सञ्चालन गर्ने निर्णय गरियो ।<br>२) नेपाल विद्युत वितरण केन्द्र सल्लेरी सोलुखुम्बुवाट मिटर बक्स जडानका लागि प्राप्त हुने मिटर बक्सहरुको भण्डारण तथा व्यवस्थापनका लागि वडा कार्यालयलाई नै जिम्मा दिने निर्णय गरियो।<br>३) महाकुलुङ गाउँपालिकामा राष्ट्रिय विद्युत प्रशारण लाईन सञ्चालनमा आएको हुँदा विद्युत सञ्चालन तथा व्यवस्थापनका लागि श्रेणी विहिन कर्मचारीहरु लघु जलविद्युत आयोजनामा कार्य गरि रहेकालाई प्राथमिकता दिई प्रति वडा २ जनाका दरले विद्युतको वाईरिङ तथा महशुल दुबै कार्य सञ्चालनका लागि मासिक पारिश्रमिक बापत रु २५००० (पच्चिस हजार) का दरले उपलब्ध गराउने गरी नियुक्ति गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो। |
| ३. | संस्थागत क्षमता स्व-मूल्याङ्कनको नतिजा अनुमोदन सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को गाउँपालिकाको संस्थागत क्षमता स्व-मूल्याङ्कनको प्राप्त नतिजा ५६% नतिजालाई अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो । |
| ४. | समपुरक तथा विशेष अनुदान माग तथा योजना छनौट सम्बन्धमा । | सङ्घीय मामिला तथा सामान्य मन्त्रालय, योजना तथा अनुगमन शाखाको प. सं. २०८०/०८१, च. नं. १२२, मिति २०८०/१०/०५ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकाका लागि संघीय समानिकरण अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमहरु छनौट गरी प्रस्तावना तयार गरी पेश गर्ने निर्णय गरियो।<br>तपसिलका समपुरक अनुदान तर्फः |

# महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८०/०८१

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल

बैठक नम्बरः ०५ | बैठक मितिः २०८०/१०/०७

बैठक स्थानः महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ

| | | |
|---|---|---|
| | | १) पालिका भवन निर्माण ।<br>२) बुङ कोलाम खिरौले सडक कालोपत्रे ।<br>३) वडा नं. २ एकघर एक धारा खानेपानी निर्माण ।<br>४) हलुमो खानेपानी निर्माण ।<br>५) लाम्दम्बा खानेपानी निर्माण गुदेल ४ र ५।<br>६) छेस्काम स्वास्थ्य चौकी भवन निर्माण ।<br>७) तितिलाघाट पुल निर्माण ।<br>८) बुकुर दोबाटो पर्यटन पदमार्ग निर्माण ।<br>९) बुदुम खोला पुल निर्माण र कोइखे खोला पुल निर्माण।<br>१०)कृषि उपज भण्डार गृह तथा शीत गृह (कृषि एम्बुलेन्स) को व्यवस्थापन ।<br>११) आधारभूत स्वास्थ्य केन्द्र पेल्माङको घेराबार र आधारभूत स्वास्थ्य सेवा केन्द्र तुमाउको भवन निर्माण ।<br><u>विषेश अनुदान तर्फः</u><br>१) आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन ।<br>२) बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि महाकुलुङ प्राथमिक अस्पतालमा CEONC कार्यक्रम सञ्चालन गर्ने ।<br>३) महाकुलुङ गाउँपालिका वडा नं. ४ र ५ गुदेलमा चिराइतो, अलैंची खेति । |
| ५. | महाकुलुङ गाउँपालिका तथा वडा नं. १ को जग्गा रजिष्ट्रेशन वापतको रकम भुक्तानी सम्बन्धमा । | प्रशासनिक भवन निर्माणको जग्गा गाउँपालिकाको नाममा रजिस्ट्रेशन गर्दा लागेको खर्च (बिल बमोजिम) जम्मा २,२९,०५०।-(दुई लाख उनन्तीस हजार पचास रुपैया मात्र) खर्च अनुमोदन गरी बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो । साथै वडा नं. १ को जग्गा रजिष्ट्रेशन गर्दा लागेको खर्च रु. १ लाख ६० हजार खर्च अनुमोदन गरी बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| ६. | महाकुलुङ गाउँपालिका वडा नं. १ को वडा भवन निर्माणको सम्झौता सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. १ को वडा भवन निर्माणको सम्झौता जिल्ला समन्वय समितिसँग आवश्यक कागजातहरु सहित गर्ने निर्णय गरियो । |
| ७. | महाकुलुङ गाउँपालिकामा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार सम्बन्धमा । | गाउँ कार्यपालिकाको कार्यालय, मातहतका कार्यालय, सबै स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदानका शिक्षकहरुको सेवा करार अवधि पौष मसान्तमा सकिएको हुदाँ उक्त सेवा करार अवधि आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो । |

# महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८०/८१

बैठक नम्बरः ०५ बैठक मितिः २०८०/१०/०७

बैठक स्थानः महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ

| | | |
|---|---|---|
| ८. | प्रधानमन्त्री रोजगार कार्यक्रमहरुको बारेमा विनियोजन भएको रकम/कार्यक्रम सञ्चालन/छनौट सम्वन्धमा । | आर्थिक वर्ष २०८०/०८१ मा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार) कार्यक्रम अन्तर्गत यस गाउँपालिकालाई प्राप्त सुचिकृत बेरोजगार व्यक्तिहरुको ज्याला रकमवाट निम्न आयोजनाहरु कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (आयोजना तथा व्यवस्थापन) कार्यविधि, २०७७ परिच्छेद ३ दफा ४ बमोजिम आयोजना छनौट गरि दफा ५ बमोजिम न्यूनतम १०० दिनको रोजगारी वडा कार्यालयबाट सिफारिस गरिए अनुसार प्रदान गर्ने निर्णय गरियो। साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०८०/०८१ को लागि दररेट स्वीकृत गर्ने निर्णय गरियो ।<br>**<u>आईडिए श्रोत अन्तर्गत छनौट भएका आयोजनाहरु</u>**<br>१. कोलाम देखि महाकुलुङ प्राथमिक अस्पताल जाने सडक सोलिङ तथा गत्तेल ढल व्यवस्थापन- ८जना (वडा नं. १)<br>२. तिनदुमा सडक सोलिङ - ७ जना (वडा नं. २)<br>३. गुर्मि छेउ, मावि छेउ, हल्ला खेल मैदान छेउ सडक सोलिङ - ८ जना (वडा नं. ३)<br>४. थोकोदो देखि जिस्दोसम्म बाटो मर्मत तथा फोहर व्यवस्थापनका लागि खाल्डो निर्माण- ७ जना (वडा नं. ४)<br>५. खेस्नाम देखि आमरोन्टी सम्म सडक सोलिङ (वडा नं. ५)<br>**<u>नेपाल सरकार श्रोत अन्तर्गत छनौट भएका आयोजनाहरु:</u>**<br>१) पात्ले कृषि सडक सोलिङ- ७ जना (वडा नं. १)<br>२) डाँडा गाउँ खार्दो सडक सोलिङ- ८ जना (वडा नं. २)<br>३) खासिबु देखि कुलुङ चोकसम्म सडक सोलिङ- ७ जना (वडा नं. ३)<br>४) डोदोवा खोल्सा देखि दोवेर्लासम्म सडक सोलिङ-८ जना (वडा नं. ४)<br>५) युसुने डाँडा देखि खेस्नामसम्म सडक सोलिङ (वडा नं. ५) |
| ९. | लघु उद्यम विकास कार्यक्रम सञ्चालन सम्वन्धमा । | महाकुलुङ गाउँपालिकाका अल्लोको कपडा सिलाइ कटाइ, निर्माणका लागि लघुउद्यमको बजेटवाट कार्यक्रम सञ्चालन गर्न नपुग्ने भएकोले GIZ सँग साझेदारी कार्यक्रम सञ्चालनका लागि थप वजेट माग गरि कार्यक्रम सञ्चालन गर्ने र वजेट सुनिश्चितता गरि तालिम सम्पन्न गर्ने निर्णय गरियो। |
| १०. | कार्यविधि स्वीकृत सम्वन्धमा। | महाकुलुङ गाउँपालिकाको व्यावसायिक वगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० र महाकुलुङ गाउँपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान वितरण सम्वन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो । |
| ११. | महाकुलुङ प्राथमिक अस्पतालमा | महाकुलुङ गाउँपालिकामा निर्माणाधिन प्राथमिक अस्पतालमा सिभिल इन्जिनियर |

# महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८०/०८१

बैठक नम्बर: ०५

बैठक मिति: २०८०/१०/०७

बैठक स्थानः महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय, बुङ

| | | |
|---|---|---|
| | परामर्श दाता सेवा खरिद सम्बन्धमा । | बाहेकको प्राविधिक मूल्याङ्कन गर्नका लागि परामर्शदाता मार्फत सेवा खरिद गर्ने र सोको खर्च महाकुलुङ प्राथमिक अस्पताल निर्माण कार्यबाट छुटिने कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने गरियो । |
| १२. | रङ्गशालाको DPR निर्माण सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. ४ मा रङ्गशाला निर्माणका लागि DPR निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| १३. | एम्बुलेन्स चालक सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाले विभिन्न मितिमा एम्बुलेन्स चालकका लागि विज्ञापन आह्वान गरेको भएता पनि योग्यता पुगेका कुनै पनि उम्मेदवारले आवेदन नदिएको हुदाँ योग्यता पुगेका एम्बुलेन्स चालक १ जना सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम सोझै परामर्श सेवाबाट खरिद गर्ने निर्णय गरियो । |
| १४. | नश्ल सुधार कार्यक्रम सम्वन्धमा। | जर्सिको साँडे र मुर्रा राँगा वितरण कार्यक्रम अन्तर्गत आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| १५. | कृषि शाखाको बजेट शीर्षक सम्बन्धमा। | कार्यपालिकाको मिति २०८० मंसिर २० गतेको निर्णय नं. १९ मा कृषि शाखाका लागि थप बजेट रु. २ लाख ५० हजार सञ्चित कोषमा रहेको अल्याबाट विनियोजन भएको रकमको शीर्षक नखुलेको देखिएकाले उक्त बजेटको शीर्षक "प्लाष्टिक टनेल निर्माणको लागि ५०% अनुदान कार्यक्रम" शीर्षकमा खर्च गर्ने निर्णय गरियो । |
| १६. | IOP वितरणको प्रभावित क्षेत्र सम्बन्धमा। | महाकुलुङ गाउँपालिकामा निर्माणाधिन मकालु एपेक्स र गौरी शंकर हाइड्रोपावरको प्रभावित क्षेत्रमा महाकुलुङ गाउँपालिकाको सबै वडाहरुलाई IPO निष्काशनको लागि अति प्रभावित क्षेत्रका रुपमा IPO वितरण गर्न मकालु एपेक्स र गौरी शंकर हाइड्रोपावर कम्पनीलाई सिफारिस गर्ने निर्णय गरियो। |
| १७. | चौरी र भेडा प्रवर्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएको ससर्त अनुदानबाट कार्यान्वयन हुने कार्यक्रम चौरी र भेडा प्रवर्धन कार्यक्रमका लागि सूचना आव्हान गर्ने निर्णय गरियो । |
| १८. | खेउ खोला झर्ना व्यवस्थापन । | महाकुलुङ गाउँपालिकाको वडा नं. ५ मा अवस्थित खेउ खोला झर्ना व्यवस्थापनका लागि तपसिलको प्राविधिकको प्राविधिक स्टमेट स्वीकृत गरी सोही अनुसारको काम गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो । |

सिता